# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०६ फरवरी २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- यस वर्षको माध्यमिक परीक्षा भोलि देखि शुरु हुँदै छ।
- विगत ८ महिना देखि आन्दोलनमा उत्रेका निप्पोन हाइड्रोपावर कम्पनीका कर्मचारीहरुको आन्दोलन हालसम्म यथावत रहेको छ।
- तिब्बती धर्म गुरु दलाई लामाको ठुलो दाज्यु सेइ ग्याल्बो धोन्दुप-लाको हिज कालेबुंगमा निधन भयो।
- इन्द्रबहादुर राई स्मृति साहित्यिक पुरस्कार मिरिकका कवि सबीर दिलपाली नुहाङलाई प्रदान गरियो।
- जीटीए युवा अनि खेलकुद मामिला विभाग साथै के.एफ.ए-को संयुक्त आयोजनामा आजदेखि खरसाङमा गोर्खा चेली महिला फुटबल प्रतियोगिताको शुभारम्भ गरियो।

**माध्यमिक परीक्षा**

यस वर्षको माध्यमिक परीक्षा भोलिदेखि सुरु हुँदैछ। यस पटक २ हजार ६८३ केन्द्रमा कुल ९ लाख ८४ हजार ७५३ परीक्षार्थीले माध्यमिक परीक्षा दिनेछन्। यी मध्ये ५,५५,९५० जना छात्रा छन्। माध्यमिक शिक्षा बोर्डले प्रश्नपत्र लीक रोक्न धेरै जिल्लाहरूमा विशेष ध्यान दिइने घोषणा गरिसकेको छ। शौचालयहरूमा पनि छुट्टै अनुगमन हुनेछ। प्राप्त जानकारी अनुसार माध्यमिक परीक्षा भोलिदेखि सुरु भएर फेब्रुअरी २२ सम्म जारी रहनेछ। परीक्षा बिहान १०:४५ बजे सुरु हुनेछ र दिउँसो २ बजेसम्म जारी रहनेछ। परीक्षाको सूची अनुसार फेब्रुअरी १० मा पहिलो भाषा फेब्रुअरी ११ मा दोस्रो भाषाए फेब्रुअरी १५ मा गणितए फेब्रुअरी १७ मा इतिहासए फेब्रुअरी १८ मा भूगोल फेब्रुअरी १९ मा जीवन विज्ञान फेब्रुअरी २० मा भौतिकशास्त्र अनि २२ फेब्रुअरीमा ऐच्छिक विषय रहेको छग्र बोर्डले माध्यमिक परीक्षा २०२५ को लागि १४१ विद्यार्थीहरूको प्रवेश पत्र जारी गरेको छ। यी प्रवेशपत्रहरू ती विद्यार्थीहरूलाई दिइएको छ जसको जानकारी सम्बन्धित विद्यालयहरूले समयमै बोर्डलाई पठाएका थिएनन्।

****** ० ******

**मिरिक माध्यमिक**

पश्चिम बंगाल माध्यमिक बोर्ड परीक्षा भोलि देखि शुरु हुनेछ।यस वर्ष मिरिकमा २९८ जना परीक्षार्थीहरुले परीक्षा लेख्ने छन्। परीक्षालाई केन्द्र गरेर मिरिकमा तीन वटा परीक्षा केन्द्रहरु स्थापना गरिएको छ। प्रमुख परीक्षा केन्द्र फुवागढी उच्चत्तर माध्यमिक विद्यालय रहेको छ भने यसको अतिरिक्त डनबस्को स्कुल र मिरिक उच्चत्तर माध्यमिक विद्यालय परीक्षा केन्द्र रहेको छ। यस् वर्ष १३१ जना छात्र र १६७ जना छात्रा परीक्षार्थीहरु रहेका छन्। माध्यमिक बोर्ड परीक्षा मिरिक सेन्टरका सेक्रेटेरी फुवागढी उच्च माध्यमिक विद्यालयका टिचर इन्चार्ज पेमा लामाले परीक्षार्थीहरुलाई परीक्षामा कुनै प्रकारको असुविधा नहोस् भनी सम्पूर्ण तयारी गरिएको बताउनु भएको छग्र परीक्षा शान्तिपूर्ण ढंगमा सुचारू गराउन सम्बन्धित निकाय जुटिसकेका छन्।

****** ० ******

**निप्पोन हाइड्रोपावर**

विगत मई दिवसदेखि असहयोग रूपमा न्यायको मागमा आन्दोलनमा उत्रेका निप्पोन हाइड्रोपावर कम्पनीका कर्मचारीहरुको आन्दोलन हालसम्म यथावत रहेको छ भने कम्पनीले उनीहरूको समस्या समाधानको साटो उनीहरूलाई पटकपटक झुक्याउने काम गरेको कर्मचारीहरु भनाइ रहेको छ। यसै क्रममा आज कर्मचारीहरुको पक्षबाट एक पत्रकार भेला गर्दै विभिन्न तहमा कम्पनीसग वार्ताहरु बसेको भए पनि वार्तामा भएको सहमती कार्यन्वन गर्नुको साटो कम्पनीले कर्मचारीहरुलाई झुक्याउने काम गर्दै आएको कर्मचारीहरु अभियोग छ। यसका साथै आफुहरु जीटीए तथा ग्राम पन्चायतको सहमती बिना कुनैपनी काम नगर्ने भएको कर्मचारीहरु पक्षमा टासी शेर्पाले बताउनु भएको छ। श्री शेर्पाले चाडोभन्दा चाडै जीटीए तथा ग्राम पन्चायतले आफुहरुको समस्याबारेमा पहल गरिदिने अनुरोध गर्नु भएको छ।

**नालन्दा बौद्ध धर्म**

इन्डियन हिमालयन काउन्सिल अफ नालन्दा ट्रेडिसनले आज हिमालयन क्षेत्रमा नालन्दा बौद्ध धर्म: २१ औं शताब्दीमा प्रवृत्ति र विकास विषयक राष्ट्रिय सेमिनार तथा कार्यशाला आयोजना गऱ्यो। यसमा भारत सरकारको एनआईओएस (NIOS) शिक्षा बोर्डद्वारा मान्यता प्राप्त भिक्षु शिक्षा पाठ्यक्रमबारे चर्चा भयो। एनआईओएस अधिकारी पार्थ सारथीका अनुसार नयाँ पाठ्यक्रम मार्च २०२५ देखि उत्तर बंगालका सम्बद्ध मठहरूमा लागू हुनेछ जसले राष्ट्रिय शिक्षा नीति २०२० अनुरूप भिक्षु शिक्षालाई सुदृढ गर्नेछ।

****** ० ******

**दलाई लामा ब्रदर डाइड**

तिब्बती धर्म गुरु दलाई लामाको ठूलो दाज्यू सेई ग्याल्बो डोण्डुप-ला को हिज अबेर साँझ कालेबुङमा निधन भएको छ। ९७ वर्षीय डोण्डुप ला कालेबुङको ८ माइलमा बस्नुहुन्थ्यो। उहाँ एक विद्वान व्यक्ति थिए तथा तिब्बतको इतिहासको विज्ञ थिए। तिब्बती युवा कंग्रेस सहित कैयान तिब्बती संगठनहरूले उहाँको निधन प्रति गहिरो शोक व्यक्त गरेका छन्। उहाँको अन्तिम संस्कार ११ फरवरीको दिन बिहान ७ बजेदेखि ८ माइलको तागसर निवासदेखि शव यात्राका साथ गरिनेछ।

****** ० ******

**इन्द्रबहादुर राई**

इबरा (इन्द्रबहादुर राई) साहित्य प्रतिष्ठानए तराईले आज ९७ औं इबरा स्मृति दिवससितै पहिलो इबरा स्मृति साहित्य पुरस्कार अलङ्करण कार्यक्रमको आयोजना गरयो। यस कार्यक्रममा पहिलो इन्द्रबहादुर राई स्मृति साहित्यिक पुरस्कार मिरिकका कवि सबीर दिलपाली नुहाङलाई प्रदान गरियो। नक्सलबारीको निहालजोत सामुदायिक भवनमा निहालजोत नव युवा संघ परिवारको सह-आयोजनामा सम्पन्न कार्यक्रमको अध्यक्षता प्रतिष्ठानका अध्यक्ष डा. जेम्स विश्वले गरेका थिए भने प्रमुख अतिथिको रुपमा सिक्किमका वरिष्ठ साहित्यकार एम.एन दाहाल उपस्थित हुनु हुन्थ्यो। भारतीय नेपाली साहित्यमा अनवरत रुपमा दिएको साहित्यिक योगदानलाई मूल्याङ्कन गर्दै कवि नुहाङलाई पुरस्कारमा नगद राशि ५००१/- स्मृति चिन्ह, ढाका टोपी र दोसल्ला लगाएर पुरस्कृत गरिएको थियो। पुरस्कृत कवि नुहाङले आफुले आज आफ्नो कृतिले पुरस्कार पाएको नभएर जिम्मेवारी पाएको बताउनु भयो।

****** ० ******

**चुङथुङ चियाबारी**

लगभग १६ महिना देखी बन्द रहेको चुङथुङ चियाबगानमा केही स्वार्थी तत्वहरूले बगानको जमीन अवैधरूपमा कब्जा गरेको र गाछ उखेल्ने विरुद्ध तेस्रो परिभ्रमण गरिएको थियो। सभासद् सन्दीप क्षेत्री र चुङथुङ ग्राम पञ्चायत प्रधान अनिता तामाङको पहलमा भएको कार्यक्रममा दार्जिलिङ पुलबजार खण्ड समितिका कर्माध्यक्ष अरुण क्षेत्री, वार्ड सदस्यहरू, श्रमिक संगठनका नेताहरूए चियाबारीका मुन्सी तथा सब-स्टाफ सहित स्थानीय प्रतिनिधिहरू उपस्थित थिए। सभासद क्षेत्रीले अवैध कब्जा रोक्न कठोर कारवाही गर्ने चेतावनी दिनु भएको छ।

****** ० ******

**महिला फुटबल**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन युवा अनि खेलकुद मामिला विभाग साथै खरसाङ फुटबल एसोसिएशन-को संयुक्त आयोजनामा आजदेखि खरसाङको चाँदमारी खेल मैदानमा तेस्रो गोर्खा चेली महिला फुटबल प्रतियोगिताको शुभारम्भ गरियो। खरसाङ खण्ड पञ्चायत समितिकी सभापति अनु क्षेत्री प्रधानको प्रमुख आतिथ्यमा सम्पन्न भयो। प्रतियोगिताको उद्घाटन समारोहमा खरसाङ नगरपालिका अध्यक्ष ब्रिगेन गुरुङ, उपाध्यक्ष सुवास प्रधान, खरसाङ गोर्खा हिल स्पोर्ट्स एसोसिएशनका अध्यक्ष मोहन योञ्जनको विशेष उपस्थिति रहेको थियो। आजको प्रारम्भिक खेल नेपाल झापाको कनकाई एफसी बनाम खरसाङको हिमालयन एफसी-माझ सम्पन्न भयो जसमा कनकाई एफसी ४-० को अन्तरले विजयी बनेको छ।

****** ० ******

**इण्डियन गोर्खा जनशक्ति फ्रण्ट**

आज खरसाङ शहरमा गोर्खा पुस्तकालयमा इण्डियन गोर्खा जनशक्ति फ्रण्टले डाकेको एक सभामा खरसाङ ब्लक कमिटीको गठन गरिएको छ। १४ वटा ग्राम पंचायत भएको ब्लकमा २८ जनाको कोअर्डिनेसन् समिति बनाईएको छ। श्री नोर्बु भुटियाको अध्यक्षतामा सम्पन्न भएको सभामा खरसाङ महकुमा अन्तर्गत मार्गरेटस होप अनि रिङटोङबाट युवाहरुले पार्टीका शिर्ष नेतृत्वहरूको बाहुलीबाट पार्टीको झण्डा ग्रहण गर्दै इण्डियन गोर्खा जनशक्ति फ्रण्टमा समावेश भएका छन्।

****** ० ******

**कृषि पुरस्कार**

खरसाङ खण्ड अन्तर्गत सिटोङ दुई अन्तर्गत अप्पर मामरिङ निवासी कृषक पेमा छिरिङ डुक्पा प्रोगेशिभ फार्मरको रूपमा कृषि रबी २०२५ अवार्डले सम्मानित भएका छन्। कृषि क्षेत्रमा उहाँले दिएको योगदानको कदर गर्दै कृषिक शेर्पालाई स्टेट एग्रिकल्चर टेक्नोलोजी सर्विस एशोसिएसन पश्चिम बंगालको आयोजनामा कोलकतामा सम्पन्न कार्यक्रमबीच कृषि रबी पुरस्कारले पुरस्कृत गरेको जानकारी प्राप्त भएको छ।

****** ० ******

**खस हितकारी**

खस भारतीय हितकारी सम्मेलन रेलिङ-दंगीया शाखाद्वारा आज एक आपतकालीन सभा बसी जाती बिरोधी बयान दिने सेमसन तामाङ बिरुद्ध हालसम्म प्रशासनीक कार्वाही नभएकोमा चिन्ता व्यक्त गरेको छ। आज रेलिङमा रेलिङ, लङ्गुरदाङ एसामसु लगायतका क्षेत्रहरुका खस समुदायहरु उपस्थितिमा एक सभा बसी आपत्तीजनक बयानको विरुद्धमा दार्जिलिङ तराई लगायत सिक्किमको विभिन्न थानाहरुमा एफआईआर गरेको सप्ताह बितिसक्दा पनि सबैतिरका प्रशासनहरु मौन रहनु अत्यन्तै दु:खद रहेको बताएको छ। यसका साथै आगामी दिनहरूमा प्रशासनको मौनताले कुनै अप्रिय घटनाहरु घटेमा त्यसको पुर्ण जिम्मेवार प्रशासन हुनुपर्ने सभापछि सगठनको पक्षमा डा कमल पोखे्रलले बताउनु भएको छ। यसका साथै आवश्यकता परेमा आफुहरु सडकमा उत्रनसक्ने चेतावनी समेत श्री पोखे्रलले दिनु भएको छ।

****** ० ******